# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः१० मितिः २०८०/०९/२५

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## रामपुर नगरपालिकाको
## अनुगमन तथा मूल्याङ्कन कार्यविधि २०८०

**प्रस्तावना**

रामपुर नगरपालिका भित्र नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कनको माध्यमबाट दिगो, वातावरणमैत्री, पारदर्शी र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै गणुस्तरीय र नतिजामुखी बनाउन वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ६ र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रामपुर नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०९/२५ गते बसेको बैठकले अनुगमन मूल्यांकन कार्यविधि, २०८० स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "रामपुर. नगरपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि २०८० " रहेको छ ।

(२) यो कार्यविधि नगरपालिकाको नगर कार्यपालिका बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले रामपुर नगरपालिका सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्छ ।

(घ) "अनुगमन" भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना संकलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्छ ।

(ङ) "आयोजना" भन्नाले नगरपालिकाको सञ्चित कोषबाट सञ्चालन हुने विकास निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैर सरकारी संस्था एवम् सामुदायिक संस्थाबाट सञ्चालित विकास निर्माण कार्य समेतलाई जनाउछ ।

(च) "कार्यक्रम" भन्नाले नगरपालिकाको सञ्चित कोषबाट सञ्चालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैर सरकारी संस्था एबम् सामुदायिक संस्थाबाट सञ्चालित कार्यक्रम समेतलाई जनाउछ ।

(छ) "नागरिक समाज" भन्नाले नगरपालिका क्षेत्रभित्र नागरिक समाजको रुपमा दर्ता भएका वा नभएका नागरिक अधिकारका लागि कृयाशील संस्था वा व्यक्ति सम्झनु पर्छ ।

(ज) “प्रतिवेदन” भन्नाले दफा ५ बमोजिमको समितिबाट पेश गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनु पर्छ ।

(झ) "विषयगत समिति” भन्नाले कार्यपालिकाबाट गठन गरिएक्ला विषयगत जिम्मेवारी तोकिएका समिति सम्झनु पर्छ ।

(ञ) “सुपरिवेक्षण” भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवार कर्मचारी वा पदाधिकारीबाट गरिने स्थलगत निरीक्षण वा चेकजाँच वा रेखदेख सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ट) “संयोजक” भन्नाले यस कार्यविधि बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समितिको संयोजक सम्झनु पर्छ ।

## परिच्छेद २

## अनुगमन तथा मूल्याङ्कनको क्षेत्र

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) अनुगमन समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने,

(ख) अनुगमन तथा सुपरीवेक्षण कार्यलाई परिणाम र उपलब्धी प्राप्तिको औजारका रुपमा अपनाउने,

(ग) स्थानीय आयोजना र कार्यक्रम कार्यान्वयनमा स्रोत साधन र लाभग्राहीहरुको अपेक्षावीच सन्तुलन कायम गर्ने ।

(घ) अनुगमन कार्यमा संलग्न व्यक्ति वा समूहलाई मार्गदर्शन गर्दै अनुगमन प्रक्रियालाई पारदर्शी र नियमित बनाउने

**४. अनुगमनका लागि आयोजना तथा कार्यक्रमको वर्गीकरणः** (१) अनुगमन तथा सुपरीवेक्षणका लागि आयोजना तथा कार्यक्रमहरुलाई विषयगत क्षेत्रका आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ :

(क) पूर्वाधार विकास आयोजनाहरु,

(ख) क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धी कार्यक्रमहरु,

(ग) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रमहरु,

(घ) वडास्तरीय साना आकारका आयोजना तथा कार्यक्रमहरु ।

(२) उपदफा (१) बमोजिम वर्गिकृत आयोजना र कार्यक्रमहरुको प्राथमिकता निर्धारण गरि यस कार्यविधिको विभिन्न दफाका तह र समितिबाट अनुगमन हुनेछ ।

**५. नगरस्तरिय अनुगमन समिति :** (१) नगरपालिकाबाट अनुगमन हुने योजना, आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षणका लागि देहाय बमोजिमको एक नगर स्तरीय अनुगमन समिति गठन हुनेछ :

(क) नगर उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

(घ) प्राविधिक शाखा/कार्यक्रम संचालन गर्ने शाखा प्रमुख - सदस्य

(ङ) लेखा शाखा प्रमुख - सदस्य

(च) योजना शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित अनुगमन समितिमा नगर कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारी, सम्बन्धित वडा प्राविधिक, वडा सचिव तथा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन समितिले आफ्नो कामलाई छिटो छरितो बनाउन विषयगत अनुगमन टोली/कार्यदलहरु गठन गर्न सक्नेछ ।

(४) आयोजनाहरुको अनुगमन गर्ने कार्यका लागि समितिले नगर प्रमुखलाई समेत आमन्त्रित गर्न सक्नेछ ।

(५) आफ्नो वडा भित्र सञ्चालित योजनाको वडा तथा नगरपालिकाको योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षणका लागि देहाय बमोजिमको एक वडा स्तरीय अनुगमन समिति गठन हुनेछः

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरु (२ जना) - सदस्य

(ग) सम्बन्धित वडाको प्राविधिक/कार्यक्रम संचालन गर्ने कर्मचारी - सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

यस समितिमा आवश्यकता अनुसार अन्य कर्मचारी तथा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(६) वडा स्तरमा संचालित कुनै पनि योजना तथा कार्यक्रमको अनुगमन मुल्यांकन वडा समितिले अनिवार्य रुपमा गर्नु पर्नेछ ।

**६. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन तालिका अनुसार काम भए, नभएको यकिन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सो गर्न लगाउने,

(ग) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान, सुपरीवेक्षण र मूल्यांकन गर्नुपर्नेमा सो अनुरुप गरे, नगरेको विषयमा अनुगमन गरी आवश्यक निर्देशन दिने,

(घ) निर्धारित गुणस्तर अनुसार काम भए वा नभएको सम्बन्धमा आवश्यक सुपरीवेक्षण गर्ने,

(ङ) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयनको प्रगति भए वा नभएको सम्बन्धमा आवश्यक अनुगमन गर्ने,

(च) कुनै योजना अथवा कार्यक्रमको बजेट, नामकरण, बजेट शीर्षक, बजेट रकमान्तर गरी संशोधन गर्नुपर्ने भएमा अनुगमन गरी नगर कार्यपालिका समक्ष सिफारिश गर्ने,

(छ) विषयगत शाखा र अन्य क्षेत्रवाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ज) गैरसरकारी संस्थाद्वारा संञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन दिने,

(झ) समितिले आवश्यक ठानेका अन्य योजना तथा कार्यक्रमहरु नियमित रुपमा अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

**७. अनुगमन कार्यविधिः** (१) अनुगमन समितिले अनुगमन तथा सुपरीवेक्षणको कार्य गर्दा सामान्यतया कार्यतालिका निर्धारण गरी आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा संलग्न पदाधिकारी तथा लाभग्राहीहरुलाई समेत पूर्वसूचना दिई गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सुपरीवेक्षण कार्यका लागि कार्यतालिका निर्धारण नगरिकन सोझै कार्यान्वयन स्थलमा जान सकिनेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रमुखले पूर्वसूचना दिई वा नदिई कुनै आयोजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) अनुगमन तथा सुपरीवेक्षणको कार्यक्रम तालिकाबारे सम्बन्धित नगर प्रमुखलाई जानकारी दिएको हुनुपर्दछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश भएका योजनाहरूको कार्य सम्पादन स्तर, गुणस्तरीयता र प्रभावकारिता कायम गर्नका लागि प्रमुखले जुनसुकै समयमा अनुगमन तथा सुपरीवेक्षण गर्न सक्नेछ।

(६) अनुगमन समितिले नगर क्षेत्रभित्र सञ्चालित आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षणको क्रममा देहायका मध्ये कुनै वा सबै विधि अवलम्बन गर्न सक्नेछ :

(क) कार्यान्वयनमा संलग्न व्यक्ति समूह वा निकायबाट नियमित प्रतिवेदन लिने,

(ख) स्थलगत अवलोकन गर्ने,

(ग) सरोकारवालाहरुसँग छलफल आयोजना गर्ने,

(ङ) सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने,

(च) आयोजनाको प्राविधिक परीक्षण गर्ने,

(छ) सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरु ।

**८. अनुगमन तालिका तयार गर्नुपर्ने** : (१) अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजना तथा कार्यक्रमहरुको अनुगमनका लागि आयोजना कार्यान्वयन तालिका अनुरुप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको तालिकालाई अनुगमन समितिबाट निर्णय गराई कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको तालिका उपर आवश्यक छलफल गरी कार्यपालिकाले स्वीकृती प्रदान गर्ने छ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत तालिका समग्र रुपमा आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनकर्ता उपभोक्ता समिति, निर्माण व्यसायी, आपूर्तिकर्ता, सेवा प्रदायक (कम्पनी वा संस्था) र सम्बन्धित वडा समितिलाई अग्रिम रुपमा जानकारीको लागि उपलब्ध गराउनु पर्नेछ ।

**९. अनुगमन कार्यको खर्च र बन्दोवस्तीः** (१) अनुगमन समितिले अनुगमन तालिका बमोजिम आयोजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणको लागि लाग्ने खर्च नगरपालिकाले व्यवस्था गर्ने छ ।

(२) अनुगमन तथा सुपरिवेक्षणको लागि आवश्यक स्रोत र साधनको व्यवस्था मिलाउने दायित्व नगरपालिकाको हुनेछ ।

(३) नगर स्तरीय अनुगमन तथा सुपरिवेक्षणमा संलग्न टोली सदस्य तथा आमन्त्रित अन्य सदस्यहरुको अनुगमन भत्ता प्रतिदिन प्रतिव्यक्ति रु. १००० हुनेछ ।

(४) कार्यपालिकाले अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यको सञ्चालन गर्ने , अनुगमन प्रतिवेदनको अभिलेख राख्ने र अनुगमनबाट प्राप्त पृष्ठपोषणलाई लिखित रुपमा कार्यान्वयनकर्ता समक्ष प्रेषित गर्ने  कार्य सदस्य सचिवले गर्ने छ ।

**१०. अनुगमनको क्रममा लेखाजोखा गर्नुपर्ने विवरण** : (१) पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुको अनुगमन गर्दा अनुसूची १ बमोजिमका विवरणहरुको लेखाजोखा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लेखाजोखा गर्दा आयोजना कार्यान्वयनको प्रारम्भिक चरणमा देहायका विषयमा अनुगमन गर्नु पर्नेछः

(क) बजेट रकमको आकार

(ख) आयोजना कार्यान्वयन गरिने स्थान

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरु

(घ) निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण, डिजाइन, गुणस्तर, आदि

ङ) आवश्यक पर्ने निर्माण सामग्रीको आपूर्ती स्रोत र सोको गुणस्तर

(च) स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन, आदि

(३) पूर्वाधार आयोजनाको निर्माणाधीन अवस्थामा नियमित प्रक्रियागत अनुगमन र निर्माण सम्पन्न भएपछि अन्तिम अनुगमन गरिनेछ । अन्तिम अनुगमन देहायका विषयमा गर्नु पर्नेछः

(क) आयोजना स्वीकृत डिजाइन अनुसार सम्पन्न भए नभएको,

(ख) स्वीकृत लागत अनुमान अनुसार काम सम्पन्न भए नभएको,

(ग) निर्माण कार्यको गुणस्तर,

(घ) डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य,

(ङ) आयोजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको,

(४) क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धी कार्यक्रमको प्रगति अनुगमन गर्दा अनुसूची २ बमोजिमको कार्यक्रम लागत, सहभागीता, समयावधी, सिकाईका विषयवस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गर्नु पर्नेछ ।

(५) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रमको प्रगति अनुगमन गर्दा अनुसूची २ बमोजिमको लाभग्राही समूदायले नगरपालिकाबाट प्राप्त ऋण वा अनुदानको मात्रा, प्रदान गरिएका यन्त्र औजार र उपकरण, प्राविधिक सहायताको प्रकृति, प्राप्त सहायताको उपयोगको स्तर जस्ता विवरणहरु संलग्न गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुगमन कार्य गर्दा त्यस्तो आयोजना वा कार्यक्रम कम्तिमा पचास प्रतिशत भन्दा बढी अंश कार्यान्वयनमा आइसकेको हुनु पर्नेछ ।

(७) वडास्तरीय आयोजनाको अनुगमन सम्बन्धित वडाको वडा समितिले अनुगमन गरी नगर स्तरिय अनुगमन समितिमा पठाउनुपर्ने छ ।

**११. अनुगमन र सुपरीवेक्षणको कममा पूरा गर्नुपर्ने प्रक्रिया :** (१) अनुगमन तथा सुपरीवेक्षणमा जाँदा संलग्न सदस्य र सम्बन्धित आयोजना वा कार्यक्रमको अवस्था झल्किने गरी तस्वीर लिएको हुनुपर्छ । र त्यस्तो तस्विर अनुगमन प्रतिवेदनको अंशका रुपमा संलग्न गर्नुपर्नेछ ।

(२) अनुगमन तथा सुपरीवेक्षण कार्यको प्रतिवेदन अनुसूची ३ बमोजिम तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्दछ ।

(३) आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी गर्दा अनुगमन प्रतिवेदन अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

(४) वडा स्तरिय आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी वडा समितिको सिफारिस अनुसार हुनेछ ।

(५) अन्तिम किस्ता भूक्तानी दिनुअघि अनुगमन प्रतिवेदनले औल्याएका गम्भीर प्रकृतिका सुधार गर्नुपर्ने आवश्यकतालाई सम्बन्धित कार्यान्वयनकर्ताले सुधार गरेको हुनुपर्नेछ ।

**१२. आचार संहिता :** (१) अनुगमन गर्ने व्यक्ति वा पदाधिकारीले कुनै किसिमको राजनीतिक आग्रह वा पूर्वाग्रह नराखी काम गर्नु पर्नेछ ।

(२) अनुगमन गर्दा देखिएको वस्तु गत यथार्थलाई प्रतिवेदनमा समेटेको हुनु पर्नेछ ।

(३) अनुगमनमा प्रतिवेदन व्यक्ति विशेष केन्द्रित नभई संस्थागत विषय र सवालमा केन्द्रित हुनु पर्नेछ ।

(४) समग्र अनुगमन प्रतिवेदन सुधार र पृष्ठपोषणको लागि सहयोगी हुनुपर्ने गरी तयार गर्नुपर्नेछ ।

**१३. विविध :** (१) वडास्तरिय समितिबाट गरिने अनुगमनमा यस कार्यविधिमा भएका व्यवस्थालाई संभव भएसम्म अवलम्बन गर्नुपर्नेछ ।

(२) वडास्तरीय समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको सात दिनभित्र नगर स्तरिय अनुगमन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) समितिले आयोजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस कार्यविधिमा भएको व्यवस्था अनुरुप विवरण संकलनका लागि अलग्गै चेकलिष्ट तयार गर्न सक्नेछ ।

(४) समितिले अनुगमन गर्दा प्राप्त गरेको अनुभवका आधारमा कार्यपालिकाले समय समयमा यस कार्यविधिमा आवश्यक परिमार्जन वा हेरफेर तथा अनुसूचीमा थपघट वा संशोधन गर्न सक्नेछ ।

**१४. कार्यविधि संशोधनः-** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने, थपघट वा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाबाट हुने छ ।

## अनुसूची १

### (दफा १०को उपदफा (१) सँग सम्बन्धित)

### पूर्वाधार विकास आयोजनाहरु अनुगमनमा लेखाजोखा गर्नुपर्ने विवरणहरु

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नामः | |
| आयोजना कार्यक्रमको ठेगाना | |
| अनुगमन मिति | |
| संलग्न टोली सदस्यहरुको नाम | |
| परियोजनाको लांगत अनुमान | |
| कार्यान्वयनकर्ताको नाम | |
| कार्यान्वयन शुरु मिति | |
| परियोजना सम्पन्न हुने मिति | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरु | |
| लाभग्राहीहरुको नाम, धारणा र सुझाव | |
| शुरुवाती डिजाइन अनुसारको फाउण्डेशन | |
| भौगोलिक एवं वातावरणीय जोखिम | |
| सुधार गर्नुपर्ने | |
| कार्यान्वयनकर्तालाई सुझाव | |
| फोटोग्राफ | |
| संलग्न प्राविधिकको राय | |

## अनुसूची २

**(दफा १०को उपदफा (४) र (५) सँग सम्बन्धित)**

**क्षमता अभिवृद्धि र सीप विकास, स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रमहरु अनुगमनको क्रममा लेखाजोखा गर्नुपर्ने विवरणहरु**

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नाम | |
| आयोजना कार्यक्रम हुने स्थान | |
| अनुगमन मिति | |
| संलग्न टोली सदस्यहरुको नाम | |
| कार्यक्रमको लागत अनुमान | |
| कार्यान्वयनकर्ताको नाम | |
| कार्यान्वयन शुरु मिति | |
| परियोजना सम्पन्न हुने मिति | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरु | |
| लाभग्राहीहरुको धारणा र अपेक्षा | |
| अपेक्षित उपलब्धी | |
| सिकाई र प्राप्तिको स्तर | |
| सुधार गर्नुपर्ने | |
| कार्यान्वयनकर्तालाई सुझाव | |
| फोटोग्राफ | |
| संलग्न शाखा प्रमुखको राय | |

## अनुसूची ३

## अनुगमन प्रतिवेदनको ढाँचा (दफा ११को उपदफा (२) सँग सम्बन्धित)

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नाम | |
| आयोजना कार्यक्रमको ठेगाना | |
| अनुगमन मिति | |
| अनुगमनमा संलग्न टोली सदस्यहरुको नाम | |
| कार्यक्रमको लागत अनुमान | |
| कार्यान्वयनकर्ताको नाम | |
| कार्यान्वयन शुरु मिति | |
| परियोजना पूरा हुने प्रस्तावित मिति | |
| सम्पन्नतामा लाग्न सक्ने थप अवधि | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरु | |
| लाभग्राहीहरुको धारणा र अपेक्षा | |
| शुरुवाती डिजाइनमा हेरफेर भएको भए सो को विवरण (तस्वीर सहित) | |
| भौगोलिक एवं वातावरणीय प्रभाव | |
| कार्यान्वयनका क्रममा अब सुधार गर्नुपर्ने (बुँदागत उल्लेख गर्ने ) | |
| कार्यान्वयनकर्तालाई विशेष सुझाव | |
| फोटोग्राफ | |
| सम्वद्ध विषयगत कर्मचारीको राय कमेन्ट | |
| हस्ताक्षर (संयोजकको अनिवार्य) | |

नेपाल सरकार

## रामपुर नगरपालिका, लुम्बिनी प्रदेश, पाल्पा

# योजनाको अनुगमनको लागि तयार गरिएको अनुगमन फाराम

**१) योजना नामः-** ........................................................................................................

**२) ठेगानाः-** रामपुर नगरपालिका वडा नं ......... , ........................... पाल्पा

**३) उपभोक्ता समितिको प्रमुख पदाधिकारीहरुको नामावली**

**अध्यक्षः-** ..........................................................................................

**सचिवः-** .............................................................................................

**कोषाध्यक्षः-** .........................................................................................

३.१) ठेकेदार कम्पनीको नामः- ...........................................................

**४) योजनाको प्रकारः-**

(क) मोटरवाटो (ख) खानेपानी (ग) सिंचाई (घ) भवन निर्माण

(ङ) पर्खाल निर्माण (च) पुल पुलेसा (छ) सार्वजनिक शौचालय (ज) टंकी निर्माण

(झ) बाटो ढलान (ञ) बिद्यालय घेराबार (ट) गोरेटो वाटो (ठ) पर्यटन पूर्वाधार

(ड) भल व्यवस्थापन (ढ) खेल मैदान निर्माण ण) विद्यालय भवन निर्माण त) अन्य

**५) योजना निर्माणको जम्मा लागत रकमः-** रु ...........................

क) केन्द्र सरकारः- रु ............... ख) प्रदेश सरकारः- रु ................

ग) गाउँपालिकाः- रु ................. घ) जनसहभागिताः- रु ................

(ङ) अन्य श्रोतः- रु ............

**६) योजना सम्झौताः-** मितिः .................................. सम्पन्न गर्ने मितिः ...........................

**७) योजनाको अवस्थाः-**

क) निर्माण कार्य शुरु नभएको ख) निर्माण कार्य शुरु भएको

ग) निर्माण कार्य अन्तिम चरणमा पुगेको घ) निर्माण कार्य सम्पन्न भएको

ङ) निर्माण कार्य सम्पन्न भई रकम भुक्तानी भएको

**८) योजना स्थलमा होल्डिङ वोर्डः-** क) राखिएको ख) नराखिएको

**९) उपभोक्ताको तर्फबाट जनसहभागिताः-** क) नगद सहभागिता ख) जनश्रमदान

**१०) योजना स्थलमा देखिएका राम्रा पक्षहरुः-**

क) ..........................................................................................................

ख) ..........................................................................................................

ग) ...............................................................................................................

**११) योजना स्थलमा देखिएका सुधार गर्नुपर्ने पक्षहरुः-**

क) ........................................................................................................

ख) ................................................................................................................

ग) ...............................................................................................................

**१२) अनुगमन गरिएको पटक तथा मितिः-**

| पटक | मिति |
|---|---|
| पहिलो | |
| दोस्रो | |
| तेस्रो | |

**१३) अनुगमन टोलीले योजना सुधार गर्न निर्देशन गरे पश्चातको अवस्थाः-**

क) सुधार हुँदै गरेका भएको ख) सुधार भएको ग) सुधार नभएको

**१४) अनुगमन समितिको पदाधिकारीको नामः-**

| सि.नं | नामथर | जिम्मेवारी | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | उपप्रमुख | संयोजक | |
| २ | | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ३ | | सम्बन्धित वडाध्यक्ष | सदस्य | |
| ४ | | प्राविधिक शाखा प्रमुख | सदस्य | |
| ५ | | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य | |
| ६ | | योजना शाखा प्रमुख | सदस्य | |
| ७ | | | आमन्त्रित सदस्य | |
| ८ | | | आमन्त्रित सदस्य | |

आज्ञाले

सुर्य दर्शन पण्डित

प्रमुख प्रशासकीय अधिकृत